नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
(प्रशासन, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा)

☎ ४५७४९२१/४५७४९२२
:- www.dotm.gov.np
मीनभवन, काठमाण्डौ
ने.सं.:- ११४६

पत्र संख्या ०८३/८४

**विषय:- विज्ञप्ती ।**

यातायात व्यवस्था विभागले २०८३ श्रावण १ पछि नयाँ EDLVRS प्रणालीलागु गरेको व्यहोरा सवै सरोकारवालाहरुमा विदितै छ। पुरानो प्रणालीमा भएका कमजोरीहरुमा सुधारका साथै प्रदेशका यातायात व्यवस्था हेर्ने मन्त्रालय र कार्यालयहरुसँगको छलफल तथा अन्तरकृयाबाट प्राप्त सुझाव समेतलाई समावेश गरी नयाँ प्रणालीमा समसामयीक सुधार गरिएको र यस प्रणालीलाई आगामि दिनमा थप परिष्कृत गर्दै लगिने छ। यस प्रणालीबाट सेवा लिदा सेवाग्राही सकभर कार्यालयमा उपस्थित हुन नपर्ने गरी ढाँचा विकास गरिएको छ।

विगतमा यस विभागबाट सवारी चालक अनुमतिपत्रहरु छपाईगरि वितरणकालागि प्रदेश कार्यालयमा पठाउने गरिएकोमा २०८३ श्रावण पश्चात छपाई गरिने सवारी चालक अनुमतिपत्रहरु सुरक्षण मुद्रण सम्वन्धि प्रचलित कानुनको परिधि भित्र रहि सम्वन्धित प्रदेश मन्त्रालयले नै छपाई गरि वितरणको आबश्यक प्रवन्ध मिलाउने गरि विभागबाट यस पुर्व नै जानकारी गराईसकिएको छ। यस विचमा मधेश प्रदेशले सुरक्षण मुद्रण केन्द्रसँग सवारी चालक अनुमतिपत्रहरु छपाईकोलागि सम्झौतागरी कार्डहरु छपाईको चरणमा रहेकाछन। साथै अन्य प्रदेशहरुले छिट्टै सवारी चालक अनुमतिपत्रहरु छपाई गरी वितरण प्रकृयालाई सहज वनाउन आवश्यक कार्य हुनेछ भनी विभाग विश्वस्त छ। चालु आर्थिक वर्षको हाल सम्म (२०८३ भदौ १६गते) को अबधिमा नयाँ EDLVRS प्रणाली मार्फत ४ अर्व ९२ करोड ४ लाख ५२ हजार ५१२ रुपैया राजश्व सङ्कलन तथा सवारी चालक अनुमति पत्र तर्फ नयाँ जारी २१ हजार ५५७, क्याटोगरी थप ७ हजार २५४, नविकरण तर्फ ३३ हजार १६९ र लाईसेन्समा भएको विबरण सुधार ७२ हजार ४१६ गरि जम्मा १ लाख ३४ हजार ३९६ जनाले सेवा लिएको व्यहोरा अनुरोध छ। राजश्व सँकलन तथा सवारी चालक अनुमति पत्रको प्रदेशगत विबरण तपसिल बमोजिम रहेको छ।

**तपसिल**

१. प्रदेशगत राजश्व सङ्कलन (रकम रुपैयामा)

| सि.न. | प्रदेश | सवारी साधन | सवारी चालक अनुमतिपत्र | जम्मा |
|---|---|---|---|---|
| १ | कोशी | २२९३५१८१६ | ५५११९५०० | २८४४७१३१६ |
| २ | मधेश | १००४९९१५७४ | ५५०९४००० | १०६००८५५७४ |
| ३ | बागमति | २४२११८६१६३ | १२५४३८३९९ | २५४६६२४५६२ |
| ४ | गण्डकी | २४०४४८२९८ | ४४१६३५५० | २८४६११८४८ |
| ५ | लुम्विनी | ५४१४७६०३२ | ७१०१७३०० | ६१२४९३३३२ |
| ६ | कर्णाली | ४९६०४९०० | २६८६५०० | ५२२९१४०० |
| ७ | सुदुर पश्चिम | ७५६६४९८० | ४२०९५०० | ७९८७४४८० |
| | | | कुल जम्मा | ४९२०४५२५१२ |

निर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
(प्रशासन, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा)

☎ ४५७४९२१ /४५७४९२२
:- www.dotm.gov.np
मीनभवन, काठमाण्डौ
ने.सं.:- ११४६

पत्र संख्या ०८३/८४

२.प्रदेशगत सवारी चालक अनुमतिपत्रको प्रदेशगत विवरण

| सि.न. | प्रदेश | सवारी चालक अनुमतिपत्र | | | |
|---|---|---|---|---|---|
| | | नयाँ जारी | क्याटगोरी थप | नविकरण | विवरण सँशोधन |
| १ | कोशी | २९५३ | १०१६ | ४११२ | ८४३७ |
| २ | मधेश | ३१०१ | ९१५ | ५३६५ | ११७१५ |
| ३ | बागमति | ६५२४ | २९७३ | १०६६७ | २४६५४ |
| ४ | गण्डकी | २५४३ | १०५२ | ३१८६ | ६५०९ |
| ५ | लुम्विनी | ५०१० | ११९२ | ७६१८ | १७२७२ |
| ६ | कर्णाली | ३३ | ११ | ४७१ | ४११ |
| ७ | सुदुर पश्चिम | १३९३ | ९५ | १७५० | ३४१८ |
| जम्मा | | २१५५७ | ७३५४ | ३३१६९ | ७२४१६ |

पुनश्च सवारी चालक अनुमति पत्रमा भएको व्यक्तिगत विवरणका त्रुटिहरुको सुधार गर्न सम्वन्धित प्रदेशको विद्युतिय प्रोटलको सवारी चालक अनुमतिपत्र भित्र रहेको लाईसेन्स सच्याउने आवेदनमा प्रवेश गरी आबश्यक विवरण भर्न सकिने, लाईसेन्स छपाई र वितरण सम्बन्धी कार्य सम्बन्धित प्रदेश कार्यालयलबाटै हुने भएकोले वैदशिक रोजगारीकोलागि द्रुत छपाई र कार्ड वितरण सम्बन्धि सेवा प्राप्तिकालागि सम्वन्धित यातायात व्यवस्था/सेवा कार्यालयहरुमा सम्पर्क गर्नुहुन सबै सेवाग्राहीहरुलाई यातायात व्यबस्था विभाग पुनः हार्दिक अनुरोध गर्दछ।

लोकनाथ भुसाल
निर्देशक

मितिः- २०८३।०५।१७